सम्वत् २०८३ साल भाद्र २४ गते, ने.सं. ११४६, बुधबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री कमल प्रसाद पाण्डेको अध्यक्षतामा देहायका सरोकारवालाहरूको उपस्थितिमा मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको बाढी विपद् प्रतिकार्यका लागि बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

विशेष उपस्थितिः

माननीय श्री ईन्द्र प्रसाद गोतामे सदस्य (रसुवा) बागमती प्रदेश सभा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

उपस्थितिः

जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | भूमिका |
|---|---|---|---|---|
| | श्री कमल प्रसाद पाण्डे | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री माधव प्रसाद अर्याल | अध्यक्ष | उत्तरगया गाउँपालिका, रसुवा | सदस्य |
| | श्री बुचुङ तामाङ | अध्यक्ष | आमाछोदिङमो गाउँपालिका, रसुवा | सदस्य |
| | श्री नुर्पु साङवो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री राजेन्द्र प्रसाद आचार्य | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| | श्री श्याम कुमार शाह | वरिष्ठ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री यादवराज पौडेल | सेनानी | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| | श्री अशोक थापा | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री प्रदिप राई | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |
| | श्री हेमन्त कुमार थिङ्ग | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |

| जिल्ला समितिः | | | | |
|---|---|---|---|---|
| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | भूमिका |
| | श्री शम्भु तामाङ | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |
| | डा.अमित प्रजापति | मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, रसुवा | सदस्य |
| | श्री [illegible] | | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | श्री | | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री | | नेपाली कम्युनिष्ट पार्टी, रसुवा | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा खानेपानी विकास डि.का., रसुवा | सदस्य |
| | ई.रविन महर्जन | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | श्री निरध्वज घर्ति मगर | कार्यालय प्रमुख | जनस्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| | ई.गुञ्जमान तामाङ | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा | सदस्य |
| | श्री सविता अधिकारी | प्राविधिक सहायक | शिक्षा विकास तथा समन्वय एकाइ, रसुवा | सदस्य |
| | श्री बिराज भण्डारी | सहायकस्तर | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री बाबुलाल तामाङ | अध्यक्ष | नागरिक समाज, रसुवा | सदस्य |
| | श्री केशव प्रसाद पौडेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ, रसुवा | सदस्य |
| | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य संघ, रसुवा | सदस्य |
| | श्री संजिव अमात्य | अध्यक्ष | रसुवा चेम्वर अफ कमर्श | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | भूमिका |
|---|---|---|---|---|
| | श्री द्रुव प्रसाद अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |

आमन्त्रित:

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री राजेन्द्र गौतम | उप-सचिव | गृह मन्त्रालय, सिंहदरबार |
| | श्री तुल बहादुर भण्डारी | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल |
| | श्री महेन्द्र प्रसाद भण्डारी | कार्यालय प्रमुख (S2) | रेन्बो ट्राउट मत्स्य अनुसन्धान केन्द्र |
| | श्री ऋषिराम उपाध्याय | शाखा अधिकृत | गृह मन्त्रालय, सिंहदरबार |
| | श्री मिनराज रिमाल | कार्यालय प्रमुख | जिल्ला हुलाक कार्यालय, रसुवा |
| | श्री सुरेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | ई.शिवजी के.सी. | कार्यालय प्रमुख | नापी कार्यालय, रसुवा |
| | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, रसुवा |
| | श्री दावा सिदार वाईवा | वडा अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, ६ नं. वडा कार्यालय, |
| | श्री जलन्धर यादव | कार्यालय प्रमुख | जिल्ला ट्राफिक प्रहरी कार्यालय, रसुवा |
| | श्री कैलाश देवकोटा | कारागार प्रशासक | कारागार कार्यालय, रसुवा |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | संजय कुइकेल | Programs Manager | Street Child of Nepal. |
| | सुजित ढकाल | Field Co-ordinator | CRS Nepal |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

आमन्त्रित:

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | सविता | Project officer | CRS- INDIA |
| | सुलक्ष्य खपनाको | सूचना व्यवस्थापन अधिकृत | NDRRMA |
| | ई. प्रकाश बस्नेत | विपद व्यवस्थापन सहयोजक | NDRRMA |
| | साङ तेम्बा लामा | प्रतिनिधी | नेपाली कम्युनिष्ट पार्टी |
| | लक्ष्मिन घिसिङ (लामा) | प्रतिनिधि | नेपाली काँग्रेस |
| | क्षितिज राज आचार्य | Programme Policy officer | UN World food Programme. |
| | कृष्ण योगी | कार्यक्रम उप-प्रमुख | UN World Food Programme |
| | रचना रसाईली | लैङ्गिक तथा समावेशीकरण विशेषज्ञ | UN World Food Programme |
| | डा- रोजिना ताम्राकार | क. स्वास्थ्य चिकित्सक AAN, Dhunche, Ras | AAN, Dhunche |
| | राज ब. बुडथापा | परियोजना संयोजक | अग्रोज नेपाल |
| | Mukesh Tamang | Project Coordinator | LACCoS Rasuwa. |
| | बिदुर राज भट्ट | खानेपानी सरसफाई तथा स्वच्छता अधिकृत | UNICEF -Nepal |
| | सन्जीव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्स |
| | दावा तामाङ | पालिका कमिटि अध्यक्ष | नेकपा एमाले रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

आमन्त्रितः

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| [signature] | दिपेन्द्र ठाकुर | ढाबा व्यवस्थापक र राहत " | NDRRMA / PIN |
| [signature] | लिला व. कार्की | कार्यक्रम संयोजक | RRN / WHH |
| [signature] | जीवन दहाल | नि. एकाइ प्रमुख | शि. वि. स. ए. रसुवा |
| [signature] | कालीदास जोशी | कार्यक्रम अधिकृत | CARE Nepal |
| [signature] | रमेश भण्डारी | HC | वर्ल्ड भिजन इन्टरनेशनल (WVI Nepal) |
| [signature] | रन्जन कपाली | पोषण अधिकृत | राष्ट्रिय योजना आयोग UNICEF |
| Lata | लता बज्राचार्य | स्वास्थ्य अधिकृत | युनिसेफ |
| [signature] | डा. तारा बानियाँ | Surveillance & Immunization Medical Officer | WHO-IVD |
| [signature] | [illegible] चौपाने | जोवन पत्रिका उप-सम्पादक | त्रिशुली प्रवाह |
| [signature] | सुदिप खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवा |
| [signature] | ६ ई. नभाग. | (ताम्रिक) [illegible] | NWEDC-(216 MW Hydropower) |
| [signature] | सुजित ढकाल | फिल्ड कोओरडिनेटर | CRS Nepal |
| [signature] | अशोक कुमार चौधरी | कं. अ. | जिल्ला प्रशासन |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति (DDRRMC), रसुवाको यस अगाडिका बैठकबाट भएको निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो।

२. मिति २०८३।०५।१० गतेको नेपाल-चीन सीमानाका भई बग्ने ल्हेन्दे खोला हुँदै भोटेकोशी नदीमा आएको बाढीका कारण हराउनु भएका/बेपत्ता भएका व्यक्तिका परिवारहरूले DNA परिक्षणका लागि नमूना प्रदान गर्न तत् पालिकामै संकलनको व्यवस्था मिलाउन अनुरोध गरेको हुँदा रसुवा अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालय, रसुवाको समन्वयमा नमुना संकलन टोली गठन गरी मिति २०८३।०५।२५ गतेदेखि ५ वटै पालिकाहरूमा समय तालिका बनाई DNA नमूना संकलन अभियान सञ्चालन गर्ने। साथै, रसुवा जिल्लाबाट विपद्का कारण विस्थापित भइ काठमाडौंका विभिन्न आश्रयस्थलहरुमा रहेका व्यक्तिहरुको DNA संकलनका लागि नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमार्फत नेपाल प्रहरी अस्पतालसँग समन्वयका लागि अनुरोध गर्ने।

३. बागमती प्रदेश, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशानालयको मिति २०८३।०५।२१ को पत्रानुसार बाढीबाट प्रभावित भएका आमाछोदिङ्मो गाउँपालिका, गोसाइकुण्ड गाउँपालिका, उत्तरगया गाउँपालिका र कालिका गाउँपालिकामा निम्न बमोजिमको खोपहरू तोकिएको लक्षित समुहहरूलाई दिने गरी खोप अभियान सञ्चालन गर्ने। साथै, विपद् पश्चात् फैलन सक्ने सरुवा रोगजन्य महामारीको प्रकोप आउन नदिन जिल्ला जनस्वास्थ्य कार्यालयले क्षेत्रगत कार्यक्रम बनाई कार्यान्वयन गर्ने/गराउने।

निम्न:

| सि.नं. | खोपको किसिम | लक्षित समूह |
|---|---|---|
| १. | हैजा विरुद्धको खोप (OCV) | एक वर्ष माथिका उमेर समूह सबै |
| २. | दादुरा-रुबेला खोप | ६ महिना देखि १५ वर्ष उमेर समूहका सबै |
| ३. | टि.डी. खोप | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइते व्यक्तिहरू |

४. खाद्यान्न राहत उपलब्ध गराउनको लागि MI-17 Helicopter अवतरण गर्नसक्ने गोसाईकुण्ड गाउँपालिकाको वडा नं. १ थुमन, वडा नं. ३ बृद्धिम, वडा नं. ४ लाङटाङ र क्यान्जिङ गुम्वा र आमाछोदिङमो गाउँपालिका वडा नं. ५ को थाम्वुचेतमा तत्काल आवश्यक खाद्यान्न ढुवानी गर्नको लागि विश्व खाद्य कार्यक्रमले स्थानीय तहको समन्वयमा हेलिकप्टर व्यवस्था गरी पुऱ्याउन अनुरोध गर्ने। साथै, आमाछोदिङमो गाउँपालिका वडा नं. १ हाकुवेशी, सानो हाकु, ठूलो हाकु, वडा नं. २ को ग्रे, नेसिङ, वडा नं. ३ गत्लाङ, वडा नं. ४ गोल्जुङमा जिल्ला प्रशासन कार्यालयमा प्राप्त खाद्यान्न नेपाली सेना वा सशस्त्र प्रहरी बल नेपाल, नं. २० गुल्म हे.क्वा. रसुवालाई राहत व्यवस्थापन लागि डेडिकेटेड गरेको हेलिकप्टरबाट ढुवानीको व्यवस्था मिलाउने।

५. हालसम्म प्राप्त राहत, स्टोरमा भण्डारणमा मौज्दात र वितरण गरिएको राहतको विवरण मिति २०८३।०५।१७ गतेको कार्यालय प्रमुख बैठकाबाट गठित राहत प्राप्ति, वितरण र स्टोर्स (भण्डार) व्यवस्थापन समितिले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तोकिएका प्रतिनिधिहरूसँग सहकार्य गरी समन्वयात्मक रूपमा वस्तुनिष्ठ र विश्वसनीय हुनेगरी अद्यावधिक गर्ने।

६. विपद्‌बाट प्रत्यक्ष रूपमा प्रभावित परिवारहरूमा एक चरणको राहत सामग्री उपलब्ध गराई सकेको अवस्थामा जिल्लाका विभिन्न स्थानहरूमा सडक सञ्चालन टुटेको र आपूर्ति प्रणाली प्रभावित भई खाद्य अपूर्णताको अवस्था सिर्जना भएको हुँदा प्रत्येक वडा कार्यालय मार्फत वितरण व्यवस्था गर्ने गरी जिल्ला विपद् व्यवस्थापन समिति (स्टोर्स) मा संकलित राहत सामग्रीहरू तत् गाउँपालिकाहरूमा प्रभावित जनसंख्याको अनुपातमा हस्तान्तरण गर्ने।

७. विभिन्न स्थानीय तहका विद्यालयहरूमा बाढी प्रभावित व्यक्तिहरूको अस्थायी आश्रयस्थल (Holding Center) सञ्चालनमा रहेकोमा सम्बन्धित स्थानीय तहबाट अस्थायी आश्रयस्थलहरूको व्यवस्थापन/स्थानान्तरण गरी शिक्षा विकास तथा समन्वय इकाईको समन्वयमा मिति २०८३।०५।२५ गतेदेखि नियमित रूपमा सम्पूर्ण विद्यालयहरू सञ्चालन गर्ने।

८. बाढी पश्चात् प्रभावितहरूलाई मिति २०८३।०५।१४ गतेदेखि हालसम्म देहाय बमोजिम राहत/खाद्यान्न एवम् दैनिक उपभोग्य बस्तु वितरण गरिएको बेहोरा बैठक समक्ष जानकारी भयो।

देहायः

| क. हेलिकप्टर मार्फत | | | |
|---|---|---|---|
| क्र.सं. | गाउँपालिका | वडा नं. | कैफियत |
| १. | आमाछोदिङमो | १, २, ३, ४, ५ | ७३ सटल |
| २. | उत्तरगया | १, २, ३ | २५ सटल + ४ सटल (गा.पा. मार्फत) |
| ३. | गोसाईकुण्ड | १, २, ३, ४, ५ | ६२ सटल + ७ सटल (गा.पा. मार्फत) |
| ४. | कालिका | ५ | ४ सटल (बिरामी उद्धार तथा राहत वितरण) |
| ख. ड्रोन मार्फत | | | |
| १. | आमाछोदिङमो | १ | ३१ सटल (१५९१ Kg.) |
| ग. सवारी साधन मार्फत | | | |
| १. | नौकुण्ड | | ४ गाडी (पिक अप) |
| २. | गोसाईकुण्ड | ५, ६ | २१ गाडी (पिक अप) |
| ३. | आमाछोदिङमो | १ | १ गाडी (पिक अप) |

देहायका स्थानीय तहका विभिन्न स्थानहरूमा WFP बाट देहाय बमोजिम प्राथमिकताका आधारमा MI-17 हेलिकप्टर मार्फत खाद्यान्न/राहत वितरण गर्ने:

| क्र.सं. | स्थानीय तह | वडा नं. | स्थान | सटल संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | गोसाईकुण्ड | ४ | क्यान्जिन | २ | |
| | | ४ | लाङटाङ | २ | |
| | | १ | थुमन | १ | |
| | | ३ | बृद्धिम | २ | |
| २. | आमाछोदिङमो | ५ | थाम्बुचेत | - | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

९. विपद्को १५औं दिन भइसकेको अवस्थामा बाढीका कारण सम्पर्क विहीन भएका/वेपत्ता भएका व्यक्तिहरूको परिवारले आ-आफ्नो धर्म, संस्कृति अनुसार मृत्यु संस्कार गर्न आवश्यक खर्च (नगद) व्यवस्थापनका लागि गुनासो भई आएकोले उल्लिखित मागलाई सम्बोधन गर्न नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंमा अनुरोध गर्ने।

१०. बाढी प्रभावित क्षेत्रमा क्षतिग्रस्त भएका, जीर्ण भएका अस्थायी तथा स्थायी आवासस्थलहरूमा अहिले पनि धनजन रहेको हुनसक्ने देखिएकोले सुरक्षा निकायको प्रत्यक्ष निगरानी रहने गरी स्थानीय जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि समेतको रोहवरमा खोज, उद्धार, उत्खनन्, संकलन र हस्तान्तरणका कार्य गर्ने।

११. रसुवा जिल्ला विपद् संकटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा जिल्लामा खाना पकाउने LP ग्यासको आपूर्तिमा समस्या देखिएकाले उक्त क्षेत्रका बासिन्दाले विद्युतीय चुलोको प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्था रहेकोले उक्त प्रभावित क्षेत्रको विद्युतको खपतलाई मध्यनजर गरी प्रति परिवार १००(एक सय) युनिटसम्म विद्युत महशुल छुट गर्न नेपाल सरकार, गृह मन्त्रालय मार्फत उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा अनुरोध गर्ने। साथै, जिल्लामा अपर्याप्त इन्धन भण्डारणको विषयलाई मध्यनजर गर्दै आगामी दिनमा थप जटिलताको अवस्था आउन नदिन आ-आफ्नो स्थानीय तहमा ढुवानी हुने इन्धनको इन्धन ढुवानी तत् पालिकाले दायित्व भुक्तानीका लागि सहजीकरण गर्ने र उद्योग वाणिज्य संघ रसुवा र रसुवा चेम्बर अफ कमर्शको समन्वयमा सामग्री खरिद स्थानीय व्यवसायी (आपूर्तिकर्ता) ले गर्ने व्यवस्था मिलाउने।

१२. हाल गोसाइकुण्ड गाउँपालिका वडा नं. ४ मा सञ्चालित लाङटाङ माइक्रोहाइड्रो-१०० कि.वा.को विद्युत खरिद गरी वडा नं. ३ मा विद्युत सेवा सुचारू गराउनका लागि विद्युत खरिद प्रकृया तत्काल अगाडि बढाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने।

१३. बाढी पश्चात् सम्पर्क विहीन/बेपत्ता भएका व्यक्तिहरूको मृत्युदर्ता लगायतका घटना दर्ता गर्न असहज एवम् झन्झटिलो प्रकृया भएका कारण बीमा दावी एवम् मृत्युको आधिकारिक पुष्टाई गर्ने लगायतका कार्यहरूमा समस्या भएकोले वैकल्पिक द्रुत मार्ग मार्फत घटना दर्ता हुने व्यवस्था गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई अनुरोध गर्ने।

Lala

BR Bhatta

१४. बाढीका कारण प्रभावित भई सडक सञ्जाल विच्छेद भएको आमाछोदिङमो गाउँपालिका, गोसाईकुण्ड गाउँपालिका वडा नं. १, २, ३, ४ र ५ (स्याफ्रुवेशी), उत्तरगया गाउँपालिका वडा नं. १, २ र ३ मा राहत वितरण हेलिकप्टर मार्फत गर्नुपर्ने बाध्यात्मक अवस्था भएकाले स्थानीय माग अनुसार राहत वितरणलाई थप प्रभावकारी बनाउन २ वटा डेडिकेटेड हेलिकप्टर सशस्त्र प्रहरी बल नेपाल, नं. २० गुल्म हे.क्वा.लाई उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने।

१५. रसुवा जिल्लाका बाढीबाट प्रभावित क्षेत्रहरूमा गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ धुन्चे छुटेको हुँदा थप गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने।

१६. हालसम्म वितरण गरिएको राहत सामाग्रीको विवरण समर्थन गरियो। सो विवरण जिल्ला प्रशासन कार्यालय, रसुवाको वेवसाइट र फेसबुक पेजमा दैनिक रुपमा सार्वजनिक गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा